## मिति २०८०।१०।२६ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को दशौं नगर कार्यपालिका बैठकको निर्णयहरुः

**निर्णय नं.१** महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् प्रस्ताब नं. १३२५ र १८२० को कार्यान्वन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना(०७९/०८०-०८१/०८२) कार्यान्वयनका लागि उक्त कार्ययोजनाको परिच्छेद १२ मा व्यवस्था भए बमोजिम देहायका पदाधिकारी रहने गरी गैडाकोट नगरपालिकाको स्थानीय समिति गठन गर्ने निर्णय गरियो ।

संयोजकः- नगर प्रमुख श्री मदनभक्त अधिकारी
सह संयोजकः- नगर प्रमुख उपप्रमुख श्री शान्ति कोईराला
सदस्यः- प्रमुख प्रशासकीय अधिकृत श्री झविन्द्र खनाल
सदस्यः- सहायक प्रमुख जिल्ला अधिकारी नवलपरासी (ब.सु.पु)
सदस्यः- शैक्षिक प्रशासन शाखा प्रमुख श्री बालकृष्ण चापागाईं
सदस्यः- सामाजिक विकास समिति संयोजक श्री रत्नप्रसाद सापकोटा
सदस्यः- योजना तथा अनुगमन शाखा प्रमुख श्री लिलाधर शर्मा
सदस्यः- वडा अध्यक्षहरु मध्यबाट श्री सुरेन्द्र प्रसाद रेग्मी वडा नं. १
सदस्यः- वडा अध्यक्षहरु मध्यबाट श्री मधुकर मल्ल वडा नं. १३
सदस्यः- कार्यपालिका महिला सदस्य श्री कमला आचार्य
सदस्यः- न्यायिक समिति सदस्य श्री दोर्ण वनसन्यासी
सदस्यः- द्वन्द्व प्रभावित महिलाको तर्फबाट (तत्कालिन विद्रोही पक्ष) श्री देवकी मिश्र
सदस्यः- द्वन्द्व प्रभावित महिलाको तर्फबाट (तत्कालिन राज्य पक्ष) श्री उषा सापकोटा
सदस्यः- द्वन्द्व प्रभावित क्षेत्रमा कार्यरत सामाजिक संस्था (VDRC) को तर्फबाट श्री नर्मदा पाण्डे
सदस्य-सचिवः- स्वास्थ्य तथा सामाजिक विकास शाखा प्रमुख श्री देवेन्द्र गौतम

**निर्णय नं.२** नगर कार्यपालिकाको साविकमा भएको निर्णयालाई संशोधन गर्दे गैंडाकोट नगरपालिका वडा नं. ७ को सार्वजनिक उपयुक्त जगामा गैंडाकोट नगरपालिकाको फोहोरमैला श्रोत प्रशोधन केन्द्र तथा पार्क निर्माणको लागि DPR अध्यावधिक गर्ने, उक्त स्थानको IEE गर्ने र फोहोरमैला श्रोत प्रशोधन केन्द्र तथा पार्क निर्माण कार्यको असल अभ्यास गरिएका केही स्थानीय तहको स्थलगत अध्ययन अवलोकन लगायतका कार्यहरुको व्यवस्थापन तथा निर्माण प्रयोजनार्थ देहाय बमोजिमको एक सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

संयोजकः- श्री होमनाथ सापकोटा वडा अध्यक्ष वडा नं. ७
सदस्यः- श्री प्रकाश सापकोटा वडा अध्यक्ष वडा नं. २
सदस्यः- श्री गोविन्द प्रसाद सुवेदी वडा अध्यक्ष वडा नं. ११
सदस्यः- श्री प्रेम सापकोटा वडा अध्यक्ष वडा नं. ८
सदस्यः- श्री गोपी कँडेल वडा अध्यक्ष वडा नं. १७
सदस्यः- श्री सुवाश चापागाईं वडा अध्यक्ष वडा नं. ६
सदस्यः- श्री धामनाथ सापकोटा वडा अध्यक्ष वडा नं. ९
सदस्यः- श्री ईश्वरी जि.सी. नगर कार्यपालिका सदस्य
सदस्यः- श्री सरिता देवी दर्जि नगर कार्यपालिका सदस्य
सदस्य सचिवः- श्री शंकर कँडेल अधिकृत छैटौं

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ३** गैंडाकोट नगरपालिका कार्यालयमा 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र पाउनका लागि पेश भएको कागजात तथा गैंडाकोट नगरपालिका कार्यालयको 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ अनुसार श्री पिनाक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. गैंडाकोट-२, लाई अनुमति दिने निर्णय गरियो।

**निर्णय नं. ४** गैंडाकोट नगरपालिकाको गत आ.ब. को बिज्ञापन कर संकलनको ठेक्काको सम्झौता अंक रु ८ लाखमा १०% थप गरी रु. ८ लाख ८० हजार न्युनतम ठेक्का अंक कायम गरी आन्तरिक आय ठेक्का ब्यबस्थापन गर्न कार्यालयलाई अनुरोध गर्ने साथै ठेक्का अवधी तीन आर्थिक बर्षको हुनेछ। ठेक्काको नबिकरण प्रत्येक आर्थिक बर्षको बक्यौता भुक्तान गरिसकेपछि अघिल्लो आ.ब. मा कायम गरिएको न्युनतम ठेक्का अंकमा १०% थप गरी न्युनतम अंक कायम गरिनेछ। ठेक्का नबिकरण बापत बुझाउनु पर्ने रकम तथा कागजात चालु आ.व. को साउन मसान्त भित्र बुझाए पछी मात्र नबिकरण भएको मानिनेछ। सम्झैताका शर्त उल्लंघन भएमा कार्यालयले बिचैमा ठेक्का तोड्न पनि सक्नेछ। यसरी ठेक्का तोडिएमा सो अवधिसम्म बुझाउनु पर्ने रकमको दायित्वबाट उन्मुक्ति पाईने छैन। सरकारी बाँकी सरह करको रकम असुलउपर गरिनेछ। पछिल्ला २ वर्षको ठेक्का रकम मध्ये आ.ब. सुरु भएको ३० दिन भित्र सम्झौता अंक बापतको रकम एकमुष्ट बुझाएमा १०% छुट दिईने छ र किस्ताको रुपमा बुझाउन चाहेमा सम्झौता नबिकरणका बखत ५०% ले हुन आउने रकम र बाँकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको आगामी आ.ब. को श्रावण मसान्त सम्म म्याद भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने शर्त सहितको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** गैंडाकोट नगरपालिका भित्र क्षेत्र भित्र सञ्चालनमा रहेका व्यवसायहरुको दर्ता, नविकरण तथा घर भाडामा लगाउने घरधनीहरुको लगत दर्ता गरी व्यवसाय कर र घर वहाल कर असुल गर्ने लगायत विषयमा टोल विकास संस्थाको परिचालन गर्न आवश्यक पर्ने कार्यविधि तयार गर्ने, कार्यालयको तर्फबाट सो कार्य गर्न टोल विकास संस्थाहरुको लागि नगरपालिकाबाट एक सूचना जारी गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिकाबाट गरिने बजार अनुमगन निर्देशिका २०७५ लाई संशोधन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** गैंडाकोट नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता संस्था व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ लाई संशोधन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिकाको 'ग' वर्गको अपांग बिमा कार्यक्रम सम्बन्धी कार्यविधि, २०८० लाई स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय न. ९** गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को स्वीकृत नीति तथा कार्यक्रम अनुरुप घर नक्सा निर्माण/इजाजत प्रक्रियालाई थप सरल र सुलभ बनाउन नगरपालिकाबाटै घर नक्सा बनाई उपलब्ध गराउने तथा भवन निर्माण कार्यको सुपरिवेक्षण गर्ने र अन्य नगरका आधारभुत सेवामा सहजीकरणका लागि नगरमा छुट्टै "**नागरिक सेवा केन्द्र** "स्थापना गर्न प्रयोजनका लागि गत कार्यपालिका बैठकबाट निर्णय भएको स्ट्रक्चर इन्जिनियर १ जना राख्ने भनिएकोमा सोको सट्टा स्नातक तह उत्तिर्ण गरेको सिभिल समूहको साथै माथिल्लो योग्यतालाई प्राथमिकता प्रदान गर्ने गरी १ जना इन्जिनियरलाई करार सेवामा राख्न प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं.१०** गैंडाकोट नगरपालिकाले आगामी राष्ट्रपति रनिंग शिल्ड खेलकुद प्रतियोगिता गैंडाकोट वडा नं.३ मा रहेको श्रीकृष्ण गण्डकी मा.वि.मा सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ११** गैंडाकोट वडा नं.१७ निवासी सुमन थापा क्षेत्रीलाई मेरुदण्डको क्षयरोग भई उपचारार्थ रहेको र निजको पारिवारिक आर्थिक अवस्था कमजोर रहेको भनी सम्बन्धित वडाको सिफारिस तथा अस्पतालको कागपत्रको समेतका आधारमा निज व्यक्तिलाई रु.५० हजार नगरपालिकाको आन्तरिक स्रोतबाट राहत उपलब्ध गराउने निर्णय गरियो।

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १२** गैंडाकोट नगरपालिका भित्रका १ देखि १८ सम्मका वडा कार्यालयहरुको हाल सार्वजनिक जग्गामा निर्माणाधिन चरणमा रहेका तथा केही वडाहरुका वडा कार्यालय भवन तत्कालै निर्माण गर्नुपर्ने आवश्यकता रहेको हुँदा सार्वजनिक जग्गामा निर्माणाधिन भवनहरुले ओगटेको जग्गाहरु तथा वडा कार्यालयको भवन निर्माण गर्नुपर्ने वडाहरुका लागि आवश्यक सार्वजनिक जग्गाको भोगाधिकार लिन र गैंडाकोट नगरपालिकाको वडा नं.७ मा बन्न लागेको सरसफाई केन्द्रको समेत जग्गा प्राप्तिका लागि आवश्यक प्रक्रिया अगाडी बढाउन सम्बद्ध निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय न. १३** गैंडाकोट नगरपालिका वडाहरुबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | **साविकको योजना** | **रकम** | **परिवर्तित योजना शिर्षक** | **रकमान्तर योजना रकम** |
|---|---|---|---|---|
| ९ | कृषिका लागि बिउ/ बिरुवा अनुदान | रु.२,००,०००/- | सिंचाईका लागि पाईप बिस्तार | रु.२,००,०००/- |
| १ | आधारभूत स्वास्थ्य केन्द्र र प्र.वडा कार्यालयको जग्गा व्यवस्थापन | रु.४,००,०००/- | पर्यटकीय विकास मौलाकालिका मन्दिर (साविकको विनियोजित बजेटमा थप) | रु.५,५०,०००/- |
| १ | आधारभूत स्वास्थ्य केन्द्रको उत्तर तर्फ माटो फिलिङ | रु.१,५०,०००/- | | |
| १३ | आ.व.०७९/०८० को पुरानो वेल्डिया ढल निकास | रु.४,००,०००/- | लालिगुराँस टोल सिजन चोक इन्द्रा धमालको घर निरको बाटो स्तरोउन्नति मोज्याक टायल | रु.८,७९,०००/- |
| १३ | युवा तथा खेलकुद प्रोत्साहन कार्यक्रम | रु.५०,०००/- | | |
| १३ | सुशासन तथा संस्थागत विकास कार्यक्रम | रु.७९,०००/- | | |
| १३ | विपद् व्यवस्थापन | रु.१,००,०००/- | | |
| १३ | वडाको विभिन्न ठाँउमा विद्युत पोल तार मर्मत | रु.२,५०,०००/- | | |

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख